# नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८

**प्रस्तावना :** सार्वजनिक निकायमा रहेका विद्युतीय सूचना प्रणालीबीच अन्तर आवद्धता कायम गरी नागरिकलाई छिटो, छरितो, मितव्ययी र प्रभावकारी रुपमा एउटै विद्युतीय प्रणालीबाट सेवा र सूचना प्रवाहको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “अन्तर आवद्धता” भन्नाले नागरिक एपको प्रणाली र सेवा प्रदायकको प्रणालीबीच अन्तर आवद्धता कायम हुने गरी स्थापना भएको विद्युतीय सञ्जाल सम्झनु पर्छ।

(ख) “आवेदक” भन्नाले दफा ३ बमोजिम नागरिक एपमा दर्ता हुन आवेदन दिने व्यक्ति सम्झनु पर्छ ।

(ग) “नागरिक एप” भन्नाले कम्प्युटर, मोबाईल फोन, ट्याबलेट वा यस्तै किसिमका विद्युतीय उपकरणमा यस निर्देशिका बमोजिम सेवा सञ्चालन हुने सफ्टवेयर प्रणालीमा आधारित नागरिक एप सम्झनु पर्छ।

(घ) “नागरिक एप प्रयोगकर्ता” भन्नाले दफा ३ बमोजिम नागरिक एपमा दर्ता भई त्यस्तो एपको प्रयोग गर्ने व्यक्ति सम्झनु पर्छ।

(ङ) “प्रधानमन्त्री कार्यालय" भन्नाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(च) “प्राविधिक समिति” भन्नाले दफा १२ बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ।

(छ) “मन्त्रालय” भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ज) “मोबाईल” भन्नाले नागरिक एप प्रयोग गर्न सकिने इन्टरनेशल मोबाईल इक्यूपमेन्ट आईडेन्टिटी (आई.एम.ई.आई) कोड नम्बर अङ्कित भई सीम प्रयोग हुने जुनसुकै किसिमको मोबाईल फोन सम्झनु पर्छ र सो शब्दले

त्यस्तो सीम प्रयोग हुने ट्याबलेट वा यस्तै किसिमको अन्य उपकरणलाई समेत जनाउँछ।

(झ) "वान टाइम पासवर्ड (ओटीपी)" भन्नाले नागरिक एपमा दर्ता गर्न आवेदन गर्दा नागरिक एपको प्रणालीबाट मोबाईलमा आउने डाइनामिक पिन नम्बर वा पासवर्ड सम्झनु पर्छ।

(ञ) "समन्वय समिति" भन्नाले दफा १० बमोजिमको समन्वय समिति सम्झनु पर्छ।

(ट) "सीम" भन्नाले मोबाईल सेट वा यस्तै किसिमको उपकरणमा जडान गरी स्वर वा डाटाको माध्यमबाट दूरसञ्चार सेवा आदान प्रदान गर्न मिल्ने गरी दूरसञ्चार सेवा प्रदायक कम्पनीले बिक्री वा वितरण गरेको कार्ड वा चिप्स सम्झनु पर्छ।

(ठ) "सेवा प्रदायक" भन्नाले नागरिक एपमा आवद्ध भई सेवा प्रदान गर्ने दफा ५ बमोजिमका निकाय सम्झनु पर्छ।

## परिच्छेद-२

## नागरिक एपमार्फत सेवा प्रवाहको प्रक्रिया

३. **नागरिक एपमा दर्ताको लागि आवेदन दिने :** (१) नेपाली नागरिकले नागरिक एप प्रयोगकर्ताको रुपमा दर्ता हुन आफ्नै नाममा रहेको सीम सहितको मोबाईलबाट नागरिक एप मार्फत आवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन गर्दा आवेदकको मोबाईलमा वान टाइम पासवर्ड (ओटीपी) प्राप्त हुनेछ र सो वान टाइम पासवर्ड (ओटीपी) नागरिक एपमा प्राप्त हुने निर्देशन बमोजिम प्रविष्ट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको वान टाइम पासवर्ड (ओटीपी) आवेदकको मोबाईलमा नआएमा वा गलत वान टाइम पासवर्ड (ओटीपी) प्रविष्ट भएमा आवेदकको दर्ता प्रक्रिया अघि बढ्ने छैन र सोको जानकारी आवेदकलाई दिइनेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त वान टाइम पासवर्ड (ओटीपी) सही रुपमा प्रविष्ट भएको अवस्थामा आवेदकले नागरिक एपमा प्राप्त निर्देशन बमोजिम देहायका विवरण प्रविष्ट गर्नु पर्नेछः-

(क) नाम, थर र वतन,

(ख) नेपाली नागरिकता नम्बर, जारी भएको जिल्ला र जारी मिति,

(ग) जन्म मिति ।

(५) उपदफा (४) बमोजिम आवेदकले प्रविष्ट गरेको विवरणलाई नागरिक एपको प्रणालीमार्फत सम्बन्धित दूरसञ्चार सेवा प्रदायकमा रहेको ग्राहक परिचय विवरण (केवाइसी)

सँग भिडाइनेछ । त्यसरी भिडाउँदा सो सीम निजकै नाममा दर्ता भएको पुष्टि भएमा दर्ता प्रकृया अघि बढ्नेछ।

(६) उपदफा (५) बमोजिमको दर्ता प्रक्रियामा आवेदकले उपदफा (४) बमोजिम प्रविष्ट गरेको विवरणलाई निजले छनौट गरेको देहायका प्रणालीमा रहेको निजको विवरणसँग भिडाउन त्यस्तो प्रणालीलाई अनुरोध गरी पठाइनेछः-

(क) राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली,

(ख) नागरिकता व्यवस्थापन प्रणाली,

(ग) नेपाली राहदानी सूचना प्रणाली,

(घ) मतदाता नामावली व्यवस्थापन प्रणाली।

(७) उपदफा (६) बमोजिम सम्बन्धित प्रणालीबाट त्यस्तो विवरण मेल खाएको जानकारी प्राप्त भएमा आवेदकलाई नागरिक एपमा दर्ता गरी सोको जानकारी प्रदान गरिनेछ।

(८) उपदफा (५) वा (६) बमोजिम विवरण मेल खान नसकी दर्ता हुन नसकेमा आवेदन दर्ता नहुनुको कारण र पुनः आवेदन गर्न अपनाउनु पर्ने प्रक्रिया सम्बन्धमा आवेदकलाई जानकारी दिई त्यस्तो दर्ता प्रक्रिया रद्द गरिनेछ।

४. **नागरिक एप मार्फत सेवाका लागि आवेदन गर्ने :** (१) नागरिक एप प्रयोगकर्ताले नागरिक एपमा आवद्ध भएका सार्वजनिक निकायबाट प्रदान हुने सेवाका लागि नागरिक एप मार्फत आवेदन दिन सक्नेछ।

तर प्रचलित कानूनमा सम्बन्धित निकायमा आफैं उपस्थित भई कागजात वा विवरण बुझाउनु पर्ने व्यवस्था भएकोमा त्यस्तो सेवा प्राप्तिको लागि सेवा प्रदायक समक्ष उपस्थित भई त्यस्तो कागजात वा विवरण बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन दिंदा सेवाको प्रकृति अनुरुप प्राप्त निर्देशन बमोजिम नागरिक एप प्रयोगकर्ताले आवश्यक विवरण, परिचय र प्रमाण नागरिक एपमा प्रविष्ट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नागरिक एप मार्फत प्राप्त विवरण, परिचय तथा प्रमाणको आधिकारिकता यकीन गरी सेवा प्रदायकले सेवा प्रवाह गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम नागरिक एप प्रयोगकर्ताले कुनै सेवाको लागि गरेको आवेदनमा प्रचलित कानून बमोजिम त्यस्तो सेवा प्राप्त गर्न कुनै शुल्क, दस्तूर वा अन्य कुनै रकम तिर्नु वा बुझाउनु पर्ने भएमा त्यस्तो रकम सम्बन्धित सेवा प्रवाह गर्ने निकायको नाममा नागरिक एप मार्फत प्राप्त निर्देशन बमोजिमको प्रक्रिया पूरा गरी बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको शुल्क बाहेकको अतिरिक्त शुल्क नागरिक एप प्रयोगकर्ताले त्यस्तो एप प्रयोग गरे बापत बुझाउनु पर्ने छैन।

(६) नागरिक एप प्रयोगकर्ताले नागरिक एप मार्फत सेवा प्राप्तिका लागि आवेदन दिने सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

५. **नागरिक एपमा आवद्ध हुने सेवा** : (१) देहायका सार्वजनिक निकायबाट प्रदान हुने सेवा नागरिक एपमा आवद्ध गरी प्रवाह गर्न सकिनेछः-

(क) नेपाल सरकारका मन्त्रालय, विभाग, निकाय तथा कार्यालय,

(ख) अदालत, संवैधानिक निकाय, आयोग तथा सचिवालय,

(ग) प्रदेश सरकार र सोअन्तर्गतका निकाय,

(घ) स्थानीय तह,

(ङ) विश्वविद्यालय, महाविद्यालय तथा विद्यालय,

(च) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेका प्रतिष्ठान, बोर्ड, समिति, प्राधिकरण, कम्पनी, आयोग, नियोग वा यस्तै किसिमका निकाय।

(२) उपदफा (१) बमोजिम सेवा प्रवाह गर्दा निजी क्षेत्रका निकायको समेत आवद्धता गर्नु पर्ने भएमा त्यस्तो निजी क्षेत्रबाट प्रवाह हुने सेवालाई प्राविधिक समितिको सिफारिसमा मन्त्रालयले नागरिक एपमा आवद्ध गर्नको लागि स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृति प्राप्त भएमा निजी क्षेत्रका निकायलाई नागरिक एपमा अन्तर आवद्धता कायम गरिनेछ।

## परिच्छेद-३

## नागरिक एप सञ्चालन सम्बन्धी जिम्मेवारी

६. **प्रधानमन्त्री कार्यालयको जिम्मेवारी** : नागरिक एप सञ्चालन सम्बन्धमा प्रधानमन्त्री कार्यालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) नागरिक एपबाट प्रवाह हुने सेवाको लागि समन्वय र सहजीकरण गर्ने,

(ख) नागरिक एप र नागरिक एपमा आवद्ध सरकारी सूचना प्रणालीको सुरक्षा र सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्न नेपाल सरकारका मन्त्रालय, निकाय तथा कार्यालयलाई आवश्यक निर्देशन दिने,

(ग) दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिमका निकायलाई नागरिक एपमार्फत समेत सेवा प्रवाह गर्न निर्देशन दिने,

(घ) दफा ५ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिमका निकायबाट प्रदान भएका सेवालाई नागरिक एप मार्फत प्रवाह गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने ।

७. **मन्त्रालयको जिम्मेवारी** : नागरिक एप सञ्चालनको सम्बन्धमा मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) नागरिक एप सञ्चालनको प्राविधिक पक्षको व्यवस्थापन गर्ने,

(ख) प्राविधिक समितिको सिफारिसमा नागरिक एप मार्फत सेवा प्रदान गर्ने निकायबाट प्रवाह हुने सेवालाई नागरिक एपमा समावेश गर्न आवश्यक पर्ने न्यूनतम हार्डवेयर पूर्वाधार तथा सफ्टवेयरको मापदण्ड तोक्ने,

(ग) प्राविधिक समितिको सिफारिसमा सेवा सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति, हार्डवेयर, नेटवर्क, डाटाबेस, प्रणालीको सुरक्षा तथा अन्य सफ्टवेयर र अनुमति (लाईसेन्स) को व्यवस्था गरी आवश्यकता अनुसार स्तरोन्नतीको व्यवस्था गर्ने वा गराउने,

(घ) सेवा प्रदायकको प्रणाली र नागरिक एपको प्रणालीबीच अन्तर सञ्जाल (नेटवर्क) तथा सुरक्षण सम्बन्धी व्यवस्था मिलाउने,

(ङ) सेवाको लागि आवेदन गर्दा प्रचलित कानून बमोजिम आवश्यक पर्ने र अन्तर आवद्धता कायम भएका निकायको प्रणालीबाट लिन मिल्ने विवरण नागरिक एपको प्रणालीले सोझै लिने व्यवस्था मिलाउने,

(च) नागरिक एपको प्रणाली तथा डाटाबेस र डाटाको स्वामित्व भएको निकायबाट अन्य निकायमा डाटा पठाउँदा कुन प्रयोजनको लागि पठाइएको हो सोको अलग-अलग लगत नागरिक एपको प्रणालीमा सुरक्षित राख्ने व्यवस्था मिलाउने,

(छ) नागरिक एप मार्फत प्राप्त भएका आवेदनलाई सेवा सञ्चालन गर्ने निकायको प्रणालीमा सुरक्षित तवरबाट सम्प्रेषण गराउने,

(ज) नागरिक एप मार्फत प्रवाह हुने सेवाको गुणस्तर, विश्वसनीयता र सुरक्षा कायम गर्नको लागि नागरिक एपको प्रणालीको सुरक्षा र तथ्याङ्कको संरक्षण गर्ने,

(झ) नागरिक एपको सञ्चालन तथा व्यवस्थापनको लागि वर्षको कम्तीमा दुई पटक नागरिक एप सञ्जालको प्राविधिक परीक्षण (टेक्निकल अडिट) गर्ने र नियमन गर्ने वा गराउने,

(ञ) नागरिक एपमा आबद्ध प्रणालीको नियमित सुरक्षा अडिट गर्न लगाई देखिएका समस्या समाधान गर्न लगाउने तथा सो कार्यमा आवश्यकता अनुसार प्राविधिक सहयोग गर्ने,

(ट) नागरिक एप कार्यान्वयनको कार्ययोजना बनाई कार्यान्वयन गर्ने र सोको चौमासिक प्रगति प्रधानमन्त्री कार्यालयमा पठाउने,

(ठ) नागरिक एपको माध्यमबाट भएको सेवा प्रवाहको विषयमा अनुगमन गर्ने,

(ड) प्रधानमन्त्री कार्यालयबाट प्राप्त सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ढ) सेवा प्रदान गर्ने क्रममा आउने समस्याको समाधानका लागि आवश्यक अन्य कार्य गर्ने वा गराउने ।

८. **सेवा प्रदायकको जिम्मेवारी :** नागरिक एप सञ्चालन तथा व्यवस्थापन गरी सेवाग्राहीलाई सेवा प्रदान गर्ने सम्बन्धमा सेवा प्रदायकको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) सेवाग्राहीले प्रचलित कानून बमोजिम आफै उपस्थित भई सेवा प्राप्त गर्नुपर्ने भएकोमा बाहेक नागरिक एप मार्फत सेवा प्रवाह गर्ने कार्यलाई प्राथमिकता दिने,

(ख) विद्युतीय प्रणालीबाट प्रवाह हुने सेवालाई नागरिक एप प्रयोगकर्ताले चौबीसै घण्टा प्रयोग गर्न सक्ने व्यवस्था मिलाउने,

(ग) आफ्नो विद्युतीय सूचना प्रणालीलाई दुरुस्त राख्नको लागि नागरिक एप मार्फत प्राप्त आवेदन रुजु तथा जाँचबुझ गर्ने,

(घ) खण्ड (ग) बमोजिम रुजु तथा जाँचबुझ गर्दा थप विवरण आवश्यक पर्ने भएमा सोको जानकारी नागरिक एप मार्फत नागरिक एप प्रयोगकर्तालाई दिने,

(ङ) नागरिक एप मार्फत आवेदन प्राप्त भएमा प्रचलित कानून बमोजिम सेवा प्रवाह गर्ने,

(च) नागरिक एपमा आवद्ध हुने प्रणालीको नियमित रुपमा प्राविधिक परीक्षण गरी देखिएका समस्या समाधान गर्ने,

(छ) नागरिक एप मार्फत प्रवाह हुने सेवा नियमित, भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई सेवा प्रवाह गर्ने,

(ज) नागरिक एपमा आवद्धता तथा सञ्चालनका विषयमा मन्त्रालयले निर्देशन दिए बमोजिमका कार्य गर्ने।

९. **गोपनीयता कायम गर्नु पर्ने :** मन्त्रालय तथा सेवा प्रदायक निकायले नागरिक एपको माध्यमबाट सेवा प्रदान गर्दा प्रचलित कानून बमोजिम नागरिकको वैयक्तिक विवरण तथा निजले उपभोग गरेका सेवा सम्बन्धी विवरणको गोपनीयता कायम गर्नु पर्नेछ ।

## परिच्छेद-४

## संरचनात्मक व्यवस्था

१०. **समन्वय समिति :** (१) नागरिक एपको सञ्चालन तथा नगरिक एपको माध्यमबाट सेवा प्रवाह गर्ने विषयमा समन्वय कायम गर्न देहाय बमोजिमको एक समन्वय समिति रहनेछः-

(क) सञ्चार तथा सूचना प्रविधि मन्त्री -संयोजक

(ख) सचिव (शासकीय सुधार हेर्ने), प्रधानमन्त्री कार्यालय -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सचिव, गृह मन्त्रालय -सदस्य

(च) अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण -सदस्य

(छ) कार्यकारी निर्देशक, राष्ट्रिय सूचना प्रविधि केन्द्र -सदस्य

(ज) सहसचिव (सूचना प्रविधि हेर्ने), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य-सचिव

(२) समन्वय समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **समन्वय समितिको काम, कर्तव्य र अधिकार** : समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा प्रदायक निकायहरुसँग नागरिक एप सञ्चालनका सम्बन्धमा आवश्यक समन्वय गर्ने,

(ख) नागरिक एप सञ्चालन तथा व्यवस्थापनका लागि सहजीकरण गर्नकालागि प्राविधिक समितिलाई आवश्यक निर्देशन दिने,

(ग) नागरिक एपलाई सुरक्षित र व्यवस्थित बनाउन आवश्यक मापदण्ड, रणनीति र कार्यनीति तर्जुमा गर्न मन्त्रालयलाई सुझाव दिने,

(घ) सेवा प्रदायक निकायहरुलाई आफ्नो सेवा नागरिक एपमा आवद्ध गर्न प्रोत्साहन गर्ने, सोको लागि आवश्यक सहयोग र सहजीकरण गर्ने ।

१२. **प्राविधिक समिति** : (१) नागरिक एपबाट सेवा प्रदान गर्ने सम्बन्धमा प्राविधिक प्रबन्ध गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः-

(क) सहसचिव, (सूचना प्रविधि हेर्ने), मन्त्रालय -संयोजक

(ख) महानिर्देशक, सूचना प्रविधि विभाग -सदस्य

(ग) कार्यकारी निर्देशक, राष्ट्रिय सूचना प्रविधि केन्द्र -सदस्य

(घ) सूचना प्रविधि निर्देशक, प्रधानमन्त्री कार्यालय -सदस्य

(ङ) निर्देशक (प्राविधिक), नेपाल दूरसञ्चार प्राधिकरण -सदस्य

(च) प्राविधिक प्रतिनिधि, नेपाल प्रहरी -सदस्य

(छ) उपसचिव (सूचना प्रविधि), मन्त्रालय -सदस्य-सचिव

(२) प्राविधिक समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार विषय विज्ञ वा सेवा प्रदायक निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) प्राविधिक समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था प्राविधिक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **प्राविधिक समितिको काम, कर्तव्य र अधिकार** : प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा प्रदायकबाट नागरिक एपमार्फत प्रवाह भएको सेवाको अनुगमन गर्ने,

(ख) नागरिक एप मार्फत सेवा प्रवाह गर्ने निकायलाई सेवामा समावेश गर्न आवश्यक न्यूनतम हार्डवेयर पूर्वाधार तथा सफ्टवेयरको मापदण्ड तयार गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) सेवा प्रदायकलाई नागरिक एपमा आबद्ध गर्ने तथा नागरिक एपमा आबद्ध सेवाको परिमार्जनका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग र परामर्श उपलब्ध गराउने,

(घ) नागरिक एपबाट प्रदान गरिने सेवाको लागि दिइने आवेदनको ढाँचामा सरलीकरण गरी एकरुपता ल्याउने कार्यमा आवश्यक समन्वय गर्ने, गराउने,

(ङ) नागरिक एप र यसबाट हुने सेवा सञ्चालनलाई थप सुरक्षित र व्यवस्थित बनाउन आवश्यक मापदण्ड, रणनीति तथा कार्यनीति तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(च) नागरिक एप र यस मार्फत सेवा सञ्चालनलाई थप सुरक्षित र व्यवस्थित गर्न समय समयमा प्राविधिक विश्लेषण गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने,

(छ) नागरिक एप कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गरी सोको विवरण मन्त्रालय समक्ष पेश गर्ने,

(ज) नागरिक एपमा आवद्ध भएका तथा आवद्ध हुने निकायको अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने,

(झ) मन्त्रालय तथा समन्वय समितिबाट प्राप्त निर्देशनको कार्यान्वयन गर्ने ।

## परिच्छेद-५

## विविध

१४. **आवश्यक कार्य गर्न सक्ने :** प्राविधिक समितिको सिफारिस बमोजिम मन्त्रालयले सेवा प्रदायकको सर्वोच्च निकायसँग नागरिक एप र सेवा प्रदायकको प्रणालीबीच अन्तर आवद्धता, सेवा प्रवाहको विधि तथा प्रक्रिया, सूचनाको गोपनीयता र सुरक्षा एवं प्रणालीको विश्वसनीयता सम्बन्धमा आवश्यक कार्य गर्न सक्नेछ ।

१५. **सम्बन्धित व्यक्तिलाई मात्र सीम प्रदान गर्ने :** दूरसञ्चार सेवा प्रदायकले प्रचलित कानून बमोजिम सीम प्राप्त गर्न योग्य व्यक्तिलाई निजको आवेदनको आधारमा आवेदकको पहिचान खुल्ने गरी विद्युतीय माध्यममा समेत अभिलेख राखी सम्बन्धित व्यक्तिलाई मात्र सीम प्रदान गर्नु पर्नेछ।

१६. **झुटा विवरण दिई कुनै कार्य गरेमा कारबाही हुने** : आवेदकले झुटा विवरण दिई नागरिक एप दर्ता गरे वा गराएमा वा सो एपमार्फत कुनै कार्य गरे, गराएमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१७. **निवेदन गर्न सक्ने** : (१) यस निर्देशिका बमोजिम सेवा प्राप्तिको लागि गरेको आवेदनमा सम्बन्धित निकायबाट कुनै कारबाही नभएमा आवेदकले सम्बन्धित निकायको प्रमुख समक्ष निवेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर सम्बन्धित निकायको प्रमुखले आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नेछ ।

१८. **प्रचलित कानून बमोजिम हुने** : प्रचलित कानूनमा कुनै सेवा प्राप्तिको लागि सेवाग्राही आफैं उपस्थित हुनुपर्ने गरी विशेष प्रकृया तोकिएकोमा सोही बमोजिम हुनेछ।

१९. **निर्देशन दिन सक्ने** : नेपाल सरकारले नागरिक एप सञ्चालन तथा व्यवस्थापनको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय तथा अन्य सेवा प्रदायकलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२०. **कर्मचारी खटाउन सकिने** : मन्त्रालयले नागरिक एप सञ्चालन तथा व्यवस्थापनको लागि सम्बन्धित क्षेत्रका कर्मचारी वा कर्मचारीको टोली गठन गरी खटाउन सक्नेछ।

२१. **खारेजी र बचाउ** : (१) नागरिक मोबाइल एप्स सञ्चालन निर्देशिका, २०७६ खारेज गरिएको छ।

(२) नागरिक मोबाइल एप्स सञ्चालन निर्देशिका, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।